# तपाईंका शिक्षा अधिकारहरू

## अधिकारहरू के के हुन्?

United States मा, विद्यालय र परिवारहरू बालबालिकालाई सिक्न र बढ्न मद्दत गर्न एक-साथ काम गर्छन्। यहाँ प्रत्येक बालबालिकाले राम्रो शिक्षा पाउँछन् भनी सुनिश्चित गर्न कानुनहरू छन्। समान सार्वजनिक-विद्यालय अधिकार र सुरक्षाहरू सबै विद्यार्थी र परिवारहरूमा लागू हुन्छ। नयाँ भाषाको रूपमा अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूसँग भाषा सहायता प्राप्त गर्ने र विद्यालयका सबै गतिविधिहरूमा सहभागी हुन सक्षम हुने सम्बन्धी सुरक्षाहरू छन्। यी अधिकारहरूले विद्यार्थीहरूसँग सबै विद्यार्थीहरूलाई प्रस्ताव गरिएका समान कार्यक्रम र अवसरहरूमा पहुँच गर्न आवश्यक सहायता छ भनी सुनिश्चित गर्छ। विद्यार्थीहरूलाई अङ्ग्रेजी शिक्षार्थी मानिएको कारण उनीहरूलाई विद्यालय गतिविधि, पाठ्यक्रम र कार्यक्रमहरूबाट बाहिर राखिनु हुँदैन।

> अङ्ग्रेजी शिक्षार्थी भनेका Ohio English Language Proficiency Screener वा Ohio English Language Proficiency Assessment मा प्रवीण स्तरभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू हुन्।

परिवारहरूले आफ्ना विद्यार्थीका अधिकारहरू बुझ्नुपर्छ। त्यसपछि, उनीहरूलाई विद्यालयबाट के आशा गर्ने भनी थाहा हुन्छ। उनीहरूले आफ्ना विद्यार्थीले सम्भव भएसम्म राम्रो शिक्षा प्राप्त गरिरहेका छन् भनी निश्चित गर्न सक्छन्। यसले विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको लागि तयार पार्न मद्दत गर्छ।

## विद्यालयसँग सञ्चार गर्ने अधिकार

परिवार र विद्यालयहरू मिलेर काम गर्दा बालबालिका अझ बढी सफल हुन्छन्। सो गर्नको लागि, परिवारहरूले उनीहरूले प्राप्त गरेका जानकारी बुझ्न र विद्यालयसँग सञ्चार गर्न सक्षम हुनुपर्छ। विद्यालयहरूले परिवारहरूसँग साझा गरिएका जानकारी सबै परिवारहरूले बुझेका छन् भनी निश्चित गर्नुपर्छ। विद्यालय वा डिस्ट्रिक्टहरूले तपाईंले रुचाउनुभएको भाषामा जानकारी घर उपलब्ध गराउनुपर्छ।

### विद्यालयहरूले निम्न कुराहरू गर्नुपर्छ:

- विद्यालय कार्यक्रम र बैठकहरूको लागि नि:शुल्क व्याख्या र अनुवाद उपलब्ध गराउनुपर्छ।

- परिवारहरूलाई उनीहरूले कुन भाषा प्रयोग गर्न रुचाउँछन् भनी सोध्नुपर्छ। विद्यालयले नयाँ विद्यार्थी नामाङ्कन गर्ने सबै परिवारहरूलाई भाषा उपयोग सर्वेक्षण (Language Usage Survey) पूरा गर्न भन्नुपर्छ।

  Language Usage survey एउटा फाराम हो जुन विद्यालयहरूले परिवारले घरमा बोल्ने भाषाहरू बारे जान्न प्रयोग गर्छन्। यसले विद्यालयहरूलाई उनीहरूले प्रत्येक परिवारले चाहेको भाषामा जानकारी साझा गरिएको निश्चित गर्न मद्दत गर्न सक्छ। यसलाई अतिरिक्त अङ्ग्रेजी भाषा सहायता आवश्यक विद्यार्थीहरू पहिचान गर्न पनि प्रयोग गरिन्छ।

  यदि तपाईंको परिवारले घरमा अर्कै भाषा बोल्छ भने, तपाईंको बच्चालाई उनीहरूको अङ्ग्रेजी कौशलहरू जाँच गर्न परीक्षा दिन भन्न सकिन्छ। हाम्रो English Language Supports पृष्ठमा यस बारे थप जान्नुहोस्।

- परिवारहरूले रुचाउने भाषाहरूमा फारामहरू र जानकारी उपलब्ध गराउनुपर्छ।

  **महत्त्वपूर्ण:** विद्यालयले उपलब्ध गराएको दोभाषेसँग परिवारले सहज महसुस नगर्न सक्छन्। उनीहरूले विद्यालयलाई फरक दोभाषे उपलब्ध गराउन अनुरोध गर्न सक्छन्। विद्यालयहरूले बच्चा वा परिवारको कुनै सदस्यलाई विद्यालयको लागि अनुवाद गर्न आग्रह गर्न सक्दैनन्। परिवारहरूले साथी वा परिवारको सदस्यलाई दोभाषेको रूपमा सेवा गर्ने छनौट गर्न सक्ने भए पनि, अप्रशिक्षित दोभाषे प्रयोग गरिएका सबै शैक्षिक सर्तहरू बारे सचेत नहुन सक्ने हुँदा गलत सञ्चार बढाउन सक्छ भनी ध्यानमा राख्नु महत्त्वपूर्ण हुन्छ। आफ्ना अभिभावक वा परिवारको लागि अनुवाद गर्ने बालबालिकाले पनि थप दबाब र तनाव अनुभव गर्न सक्छन्।

हाम्रो दोभाषे प्रयोग गर्ने पृष्ठमा यस बारे थप जान्नुहोस्।

## अङ्ग्रेजी सिक्ने अधिकार

विद्यालयमा अङ्ग्रेजी प्रयोग गर्न समस्या भएका विद्यार्थीहरूलाई विद्यालयहरूले अतिरिक्त सहायता उपलब्ध गराउनुपर्छ। अङ्ग्रेजी भाषाको अतिरिक्त सहायताबाट कुन-कुन विद्यार्थीहरूले लाभ लिन सक्छन् भनी पत्ता लगाउन सबै विद्यालयहरूले समान प्रक्रिया प्रयोग गर्नुपर्छ। यी विद्यार्थीहरूलाई अङ्ग्रेजी शिक्षार्थी मानिन्छ। तपाईंले हाम्रो English Language Supports मा गएर प्रक्रिया र विद्यालयले कसरी अङ्ग्रेजी भाषा सम्बन्धी मद्दत उपलब्ध गराउँछ भन्ने बारे थप जान्न सक्नुहुन्छ।

## अङ्ग्रेजी शिक्षार्थी मानिएका विद्यार्थीहरूलाई विद्यालयहरूले कसरी सहायता गर्छन् भन्ने बारे केही नियमहरू छन्:

- विद्यालयहरूले घरमा अङ्ग्रेजी बाहेक अन्य भाषा प्रयोग गर्ने विद्यार्थीहरूको अङ्ग्रेजी भाषा कौशलहरू जाँच गर्नुपर्छ। यसले उनीहरूलाई विद्यार्थीले अङ्ग्रेजी कौशलहरू सुधार गर्न मद्दत प्राप्त गरेर उनीहरूले लाभ पाउँछन् वा पाउँदैनन् भनी निर्धारण गर्न मद्दत गर्छ।
  विद्यालयमा विद्यार्थी नामाङ्कन भएपछि पहिलो 30 दिनभित्र विद्यालयले विद्यार्थीको अङ्ग्रेजी कौशलहरू जाँच गर्नुपर्छ। उनीहरूले यो कार्य विद्यार्थीहरूलाई English Language Proficiency Screener पूरा गर्न लगाएर गर्छन्। यदि विद्यार्थी विद्यालय वर्ष सुरु भइसकेपछि विद्यालयमा नामाङ्कन वा स्थानान्तरण भएमा, विद्यालयसँग विद्यार्थीहरूको अङ्ग्रेजी कौशलहरू जाँच गर्न 45 दिनको समय हुन्छ।
- Ohio का सबै विद्यालयहरूले विद्यार्थीहरूको अङ्ग्रेजी कौशलहरू जाँच गर्न समान परीक्षा प्रयोग गर्नुपर्छ। परीक्षाका नतिजाहरू परिवारहरूसँग साझा गरिनु पर्छ।
- विद्यार्थीहरूले अङ्ग्रेजी कौशलहरू जाँच गर्ने परीक्षामा प्रवीणभन्दा कम अङ्क प्राप्त गरेमा विद्यालयले परिवारहरूलाई यस बारे जानकारी गराउनुपर्छ। (यो परीक्षा Ohio English Language Proficiency Screener वा Ohio English Language Proficiency Assessment हुने छ।)
- परिवारहरूले आफ्नो बच्चालाई अङ्ग्रेजी भाषा सहायता प्राप्त गराउन चाहेको वा नचाहेको कुरा निर्णय गर्छन्।
- अङ्ग्रेजी भाषाको सहायताहरू फरक-फरक हुन सक्छन्, तर विद्यालयहरूले विद्यार्थीहरूलाई अङ्ग्रेजी सिक्न मद्दत गर्ने कुरा निश्चित गर्नुपर्छ।
- अङ्ग्रेजी शिक्षार्थी मानिएका विद्यार्थीहरूले विद्यालयमा अङ्ग्रेजीमा पढाइएका अन्य सबै विषयहरू सिक्न आवश्यक सहायता प्राप्त गर्नुपर्छ।
- विद्यार्थीहरू अङ्ग्रेजी शिक्षार्थी भएको कारण उनीहरूले एउटै ग्रेड दोहोऱ्याउनु हुँदैन। विद्यालयले विद्यार्थीको समग्र शैक्षिक प्रगतिलाई विचार गर्नुपर्छ। उनीहरूले शिक्षकहरू र परिवारको रायहरू पनि विचार गर्नुपर्छ।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## विद्यालयमा नामाङ्कन गर्ने

विद्यालयमा विद्यार्थी नामाङ्कन गर्दा केही विशिष्ट अधिकारहरू छन्। हाम्रो नामाङ्कन पृष्ठमा नामाङ्कनको बारेमा थप जान्नुहोस्।

सबै विद्यार्थीहरूसँग सार्वजनिक विद्यालयमा सहभागी हुने अधिकार छ। विद्यार्थीका पृष्ठभूमिहरूले यो अधिकार परिवर्तन गर्दैन। यसमा घरको भाषा वा अङ्ग्रेजी कौशलहरू समावेश छन्।

### विद्यालयहरूले निम्न कुराहरू गर्नुपर्छ:

- परिवारहरूलाई नामाङ्कनको बारेमा जानकारी उपलब्ध गराउनपर्छ। यो परिवारहरूले राम्रोसँग बुझ्ने भाषामा हुनुपर्छ। यसमा लिखित कागजातहरू समावेश छन्।
- परिवारलाई विद्यालयसँग कुरा गर्न मद्दत गर्न दोभासे उपलब्ध गराउनुपर्छ।
- घरबारविहीनताको अनुभव गरिरहेका विद्यार्थीहरूलाई तुरुन्त नामाङ्कन गर्नुपर्छ। परिवारले बसोबासको प्रमाण उपलब्ध गराउन नसकेको अवस्थामा पनि।
- विद्यालयले घर वा पालनपोषणको स्थितिको कारण नामाङ्कनमा ढिलाइ गर्न सक्दैन।

  थप जान्नको कागि Ohio Department of Education and Workforce वेबसाइटको Student Supports पृष्ठमा  जानुहोस्।

### परिवारहरूले निम्न कुराहरू उपलब्ध गराउनुपर्छ:

- उनीहरूको बच्चाको उमेरको प्रमाण
- परिवार विद्यालय डिस्ट्रिक्टमा बसोबास गर्छन् भनी देखाउने कागजात

  परिवारहरूले आफू बसेको स्थान देखाउने कागजातहरू उपलब्ध गराउनुपर्छ। घरबारविहीनताको अनुभव गरिरहेका विद्यार्थी र परिवारहरूसँग अन्य विकल्पहरू हुन सक्छन्।
- खोप सम्बन्धी रेकर्डहरू

## तपाईंको परिवारको गोपनीयताको सुरक्षा गर्ने

विद्यालयहरूले सबै विद्यार्थी र उनीहरूका परिवारहरूको बारेमा जानकारी सङ्कलन गर्नुपर्छ। यसले विद्यालयहरूलाई सटीक रेकर्डहरू राख्न मद्दत गर्छ। विद्यालयहरूले सरकारलाई रिपोर्टहरू उपलब्ध

गराउन यो जानकारी प्रयोग गर्छन् जसले विद्यालयहरूलाई परिवारहरूलाई अझ राम्रो सेवा प्रदान गर्न मद्दत गर्छ।

> **महत्त्वपूर्ण:** विद्यालयहरूले कानुनद्वारा आवश्यक भएको समयमा मात्र विद्यार्थीका व्यक्तिगत जानकारी साझा गर्नुपर्छ। परिवारले विद्यालयलाई जानकारी साझा गर्ने अनुमति दिन पनि सक्छ। विद्यालयहरूले परिवारहरूलाई उनीहरूको आप्रवासन स्थिति प्रमाणित गर्न भन्न सक्दैनन्। परिवारहरूले विद्यालयहरूलाई आप्रवासन कागजात वा सामाजिक सुरक्षा नम्बरहरू दिनु पर्दैन।

## विद्यालयले सुरक्षित राख्न आवश्यक निजी जानकारी:

- विद्यार्थी वा परिवारलाई जोखिममा पार्न सक्ने व्यक्तिगत जानकारी – T यसमा विद्यार्थीको पहिचान, सामाजिक सुरक्षा नम्बर, तस्विरहरू वा अन्य जानकारी समावेश छन्।
- विद्यार्थी वा परिवारका सदस्यहरूको आप्रवासन स्थिति – यदि परिवारले विद्यालयसँग यो जानकारी साझा गर्न छनौट गरेमा
- जन्ममिति
- विद्यार्थी जन्मिएको स्थान
- परिवारको ठेगाना
- परिवारको आपतकालीन सम्पर्क जानकारी
- पूर्ण पाठ्यक्रम र ट्रान्सक्रिप्टहरूका रेकर्डहरू
- विद्यालयमा विद्यार्थीको स्थिति बारे आधिकारिक पत्रहरू
- अनुशासनात्मक रेकर्डहरू
- विद्यालयबाट मेडिकल र स्वास्थ्य रेकर्डहरू
- उपस्थिति जानकारी
- विद्यार्थीले पहिले पढेका विद्यालयहरूको बारेमा जानकारी

# अन्य विद्यालय कार्यक्रम वा गतिविधिहरूमा सहभागी हुने

**विद्यालयहरूले विद्यार्थी अङ्ग्रेजीमा कत्तिको प्रखर छ भन्ने आधारमा उनीहरूलाई अलग गर्न सक्दैनन्।** सबै विद्यार्थीहरूसँग कार्यक्रम र गतिविधिहरूमा सामेल हुने समान अवसर हुनुपर्छ। यसमा

अङ्ग्रेजी शिक्षार्थी मानिएका विद्यार्थीहरू समावेश छन्।

> उदाहरणका लागि, विद्यालय परामर्श, खेलकुद, कला कार्यक्रमहरू, र विद्यालयद्वारा कक्षाको समयभन्दा बाहिर प्रस्ताव गरिएका अन्य गतिविधिहरूले विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्छ।

विद्यालयहरूले विद्यालयका अन्य कार्यक्रम र गतिविधिहरूमा विद्यार्थीहरूको चयन गर्ने तरिका उचित छ भनी सुनिश्चित गर्नुपर्छ।

## विशेष शिक्षा

केही विद्यार्थीहरूले सिकाइ सम्बन्धी कठिनाइहरू अनुभव गरेमा विशेष शिक्षा सेवाहरूको आवश्यकता पर्न सक्छ।

यसमा अङ्ग्रेजी शिक्षार्थी मानिएका विद्यार्थीहरू समावेश छन्। जसले पनि विद्यालयलाई विशेष शिक्षाको लागि विद्यार्थीको मूल्याङ्कन गर्न आग्रह गर्न सक्छन्। यसमा बुबाआमा, स्याहारकर्ता, परिवारका सदस्य, शिक्षक र विद्यालयका अन्य कर्मचारीहरू समावेश छन्। विद्यार्थीहरूले पनि आफूलाई रिफर गर्न सक्छन्।

## विद्यालयहरूले निम्न कुराहरू गर्नुपर्छ:

- बच्चामा असक्षमता छ कि छैन भनेर निर्धारण गर्नुपर्छ। यो मूल्याङ्कनको साथ गरिन्छ। परिवार वा अन्य विद्यालयका कर्मचारीहरूले विद्यार्थीमा सिकाइ सम्बन्धी कठिनाइहरू छन् भनी सोच्न सक्छन्।
- बच्चाले रुचाएको भाषामा आवश्यकताका सबै क्षेत्रहरूमा मूल्याङ्कन पूरा गर्नुपर्छ। केही मामिलामा, दोभाषे आवश्यक हुन्छ।
- परिवारहरूलाई उनीहरूले रुचाएको भाषामा जानकारी उपलब्ध गराउनुपर्छ। आवश्यकता अनुसार नि:शुल्क व्याख्या र अनुवाद उपलब्ध गराउनुपर्छ।
- विद्यार्थीका आवश्यकताहरू पूरा गर्ने योजना विकास गर्नुपर्छ। योजनाले विद्यार्थीको भाषा आवश्यकताहरू विचार गर्नुपर्छ। विशेष गरी यो अङ्ग्रेजी शिक्षार्थी वा आफ्नो अङ्ग्रेजी कौशलहरू सुधार गर्न मद्दत पाउने विद्यार्थीहरूका लागि महत्त्वपूर्ण छ।

विशेष शिक्षा प्रक्रियाको बारेमा थप जानकारीको लागि Ohio Department of Education and Workforce वेबसाइटमा असक्षमता भएका विद्यार्थीहरूको परिवार (Families of Students with Disabilities) पृष्ठमा जानुहोस्।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## प्रतिभाशाली शिक्षा

आफ्ना कक्षाका साथीहरू भन्दा उच्च स्तर प्रदर्शन गर्ने अङ्ग्रेजी शिक्षार्थीहरू प्रतिभाशाली शिक्षा सेवाहरूको लागि योग्य हुन सक्छन्।

- अङ्ग्रेजी शिक्षार्थीको रूपमा विचार गरिएका विद्यार्थीहरूलाई विद्यालयले उपलब्ध गराएको प्रतिभाशाली सेवाहरूमा सहभागी हुने अधिकार छ।
- विद्यालयहरूले विद्यार्थी अङ्ग्रेजीमा कत्तिको प्रखर छ भन्ने आधारमा उनीहरूलाई अलग गर्न सक्दैनन्।
- विद्यालयमा प्रतिभाशाली पहिचानका लागि सन्दर्भ गरिएका सबै विद्यार्थीहरूको परीक्षण गरिनुपर्छ। परीक्षणले उनीहरूले प्रतिभाशाली सेवाहरू प्राप्त गर्न सक्छन् भन्ने देखाउँछ। विद्यालयसँग विद्यार्थीको परीक्षण गर्न 90 दिनको समय हुन्छ।
- जसले पनि विद्यालयलाई प्रतिभाशाली शिक्षाको लागि विद्यार्थीको परीक्षण गर्न आग्रह गर्न सक्छन्। यसमा बुबाआमा, स्याहारकर्ता, परिवारका सदस्य, शिक्षक र विद्यालयका अन्य कर्मचारीहरू समावेश छन्। विद्यार्थीहरूले पनि आफूलाई रिफर गर्न सक्छन्।

थप जान्नको लागि Ohio Department of Education and Workforce’s Gifted Screening and Identification पृष्ठ हेर्नुहोस्।

## भर्चुअल सिकाइ

विद्यार्थीहरूले अनलाइन सिकिरहेको समयमा विद्यार्थीहरूका लागि शिक्षाको अधिकार समान छ। भर्चुअल सिकाइ गर्ने विद्यार्थीहरूले विद्यालयमा व्यक्तिगत रूपमा जस्तै समान भाषा निर्देशनमा सहायता पाउनुपर्छ।

हाम्रो भर्चुअल शिक्षा पृष्ठमा यस बारे थप जान्नुहोस्।

# विद्यालयमा सुरक्षा

Ohio मा, विद्यालयहरूले सबै विद्यार्थीहरूलाई धम्कीबाट जोगाउनुपर्छ। यसमा विद्यालयमा दुर्व्यवहार र खराब व्यवहार समावेश छ। यो अङ्ग्रेजी शिक्षार्थी मानिएका विद्यार्थीहरूमा लागू हुन्छ। विद्यालयहरूले धम्कीको सामना गरिरहेका विद्यार्थीहरूलाई जोगाउन कदमहरू चाल्नुपर्छ। उनीहरूले विद्यार्थीहरूलाई अरूलाई नराम्रो व्यवहार गर्नबाट रोक्नुपर्छ।

तपाईंले Safer Ohio School Tip Line लाई 844-723-3764 मा कल गर्न पनि सक्नुहुन्छ। यो Ohio का

सबै विद्यालयहरूमा उपलब्ध नि:शुल्क सुरक्षा स्रोत हो। यो टिप लाइन बेनामी रिपोर्टिङ प्रणाली हो जसले कल, पाठ सन्देश, वेबफार्म र मोबाइल एप मार्फत दिनको 24 घण्टा सुझावहरू स्वीकार गर्छ। Ohio School Safety Center वेबसाइटमा यस बारे थप जान्नुहोस्।

## यदि विद्यालयले यी आवश्यकताहरू पालना नगरेमा के गर्ने?

- परिवार र विद्यालयले एक-साथ भएर धेरै समस्याहरू समाधान गर्न सक्छन्। यदि कुनै परिवारले विद्यालयले आवश्यकताहरू पूरा गरिरहेको छैन वा उनीहरूलाई निस्पक्ष रूपमा व्यवहार गरिरहेको छैन भनी सोच्छन् भने, उनीहरूले पहिले विद्यालयसँग कुरा गर्नुपर्छ। उनीहरूले विद्यालयले आफ्ना विद्यार्थीहरूलाई कसरी सहयोग गर्न सक्छ भनेर छलफल गर्नुपर्छ।
- परिवारले अङ्ग्रेजी भाषा शिक्षक जस्ता विद्यालयका कर्मचारी सदस्यलाई मद्दतको लागि आग्रह गर्न सक्छन्।

  TESOL शिक्षक (अर्को भाषाको रूपमा अङ्ग्रेजी पढाउने) वा ESL शिक्षक (दोस्रो भाषाको रूपमा अङ्ग्रेजी), पारिवारिक सम्पर्क वा विद्यालय काउन्सलरले मद्दत गर्न सक्छन्।
- यदि समस्या जारी रहेमा, परिवारले विद्यालय प्रधानाध्यापलाई सम्पर्क गर्न सक्छन्।

  प्रधानाध्यापकहरूले विद्यालय र भवनमा रहेका सबै कर्मचारीहरूको निरीक्षण गर्छन्।
- यदि विद्यालयमा कसैले मद्दत गर्न सक्दैनन् भने, परिवारले डिस्ट्रिक्ट प्रशासकसँग भेट्न सक्छन्।

  डिस्ट्रिक्ट प्रशासक सबै डिस्ट्रिक्ट विद्यालयहरूको अङ्ग्रेजी भाषा सेवाहरूको प्रभारी हुन्।
- परिवारले मद्दतका लागि lau@education.ohio.gov मा Ohio Department of Education and Workforce लाई पनि सम्पर्क गर्न सक्छन्।

यदि परिवारले विद्यालयसँग प्रत्यक्ष रूपमा समस्याहरू समाधान गर्न सक्दैन भने, उनीहरूले United States सरकारका कार्यालयहरूमा सम्पर्क गर्न सक्छन्। यी कार्यालयहरूले अङ्ग्रेजी शिक्षार्थी विद्यार्थी र उनीहरूका परिवारहरूलाई मद्दत गर्न सक्छन्।

## परिवारहरूले निम्नलाई सम्पर्क गर्न सक्छन्:

- गुनासो दायर गर्ने बारे थप जानकारीको लागि United States Department of Education's Office for Civil Rights (OCR)।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

- गुनासो दायर गर्ने बारे थप जानकारीको लागि United States Department of Justice's Civil Rights Division।

विशेष शिक्षा वा प्रतिभाशाली शिक्षासँग सम्बन्धित समस्याहरूको लागि, परिवारहरूले Ohio Department of Education and Workforce लाई पनि सम्पर्क गर्न सक्छन्। परिवारहरूले Ohio Department of Education and Workforce वेबसाइटमा अनलाइन गुनासो दायर गर्न सक्छन्।

## तपाईंले सोध्न सक्ने प्रश्नहरू

- कृपया तपाईं शिक्षा अधिकारहरू के के हुन् र तिनीहरू किन महत्त्वपूर्ण छन् भनी बताउन सक्नुहुन्छ?
- यदि मसँग मेरो बच्चाको शिक्षा अधिकारको सम्बन्धमा कुनै चिन्ता वा प्रश्नहरू छन् भने, मैले कसलाई सम्पर्क गर्नुपर्छ र उनीहरूले मलाई कसरी सहयोग गर्न सक्छन्?
- यस विद्यालयमा मेरो बच्चाको शिक्षा अधिकारको सम्मान र संरक्षण गरिएको छ भनी म कसरी सुनिश्चित गर्न सक्छु?
- मेरो बच्चाको भाषिक पृष्ठभूमिको पर्वाह नगरी विद्यालयले कसरी मेरो बच्चासँग शैक्षिक अवसरहरूमा समान पहुँच छ भनी सुनिश्चित गर्ने छ?
- बहुभाषी विद्यार्थीहरूलाई शैक्षिक रूपमा सफल हुन मद्दत गर्न कुनै विशेष कार्यक्रम वा सेवाहरू प्रस्ताव गरिएका छन्?
- मेरो बच्चाको पहिलो भाषा अङ्ग्रेजी नहुँदा शिक्षकहरूले मेरो बच्चाको सिकाइ र विषयहरू बुझ्न सहायता गर्न कस्ता रणनीतिहरू प्रयोग गर्ने छन्?
- अभिभावकको रूपमा म यस विद्यालयमा मेरो बच्चाको शिक्षा अधिकारका लागि सहायता र समर्थन गर्न कसरी संलग्न हुन सक्छु?

## अतिरिक्त संसाधनहरू

### परिवारको अधिकार

- तपाईंले अध्याय 2 चयन गर्दा NCELA Family Toolkit को "Attending School in the United States" खण्डबाट थप जान्न सक्नुहुन्छ। यो चार भाषाहरूमा उपलब्ध छ (अङ्ग्रेजी, अरबी, चिनियाँ र स्पेनी)। https://ncela.ed.gov/educator-support/toolkits/family-toolkit

- USA Hello ले परिवारको अधिकार र अन्य शिक्षा कानुनहरूको बारेमा थप जानकारी उपलब्ध गराउँछ। https://usahello.org/education/children/education-law-and-rights
- Office of Civil Rights ले परिवार र अङ्ग्रेजी शिक्षार्थीहरूको अधिकारका बारेमा जानकारी सहितको तथ्य पाना उपलब्ध गराउँछ। https://www2.ed.gov/about/offices/list/ocr/docs/dcl-factsheet-el-students-201501.pdf
- USA Hello ले आप्रवासी र शरणार्थीहरूको अधिकारको बारेमा सामान्य जानकारी उपलब्ध गराउँछ। https://usahello.org/immigration/your-rights
- Education Law Center को तथ्य पानाले अङ्ग्रेजी शिक्षार्थी र सीमित अङ्ग्रेजी प्रवीणता भएका विद्यार्थीहरूको परिवारको अधिकार बारेमा रूपरेखा उपलब्ध गराउँछ। https://www.elc-pa.org/resource/rights-of-english-language-learners-families-with-limited-english-proficiency

## परिवार र विद्यालयहरू बीच सञ्चार

- Colorin Colorado ले US शिक्षा विभागबाट तथ्य पानामा लिङ्कहरू उपलब्ध गराउँछ। यसले अङ्ग्रेजी पहिलो भाषा नभएको कारण अङ्ग्रेजी बोल्न, सुन्न पढ्न वा लेख्न नसक्ने परिवारहरूको अधिकारको बारेमा सामान्य प्रश्नहरूको जवाफ दिन्छ। https://www.colorincolorado.org/guide/fact-sheet-information-limited-english-proficient-parents-and-schools-and-school-districts

## सुरक्षा

- तपाईंले Safer Ohio School Tip Line लाई 844-723-3764 मा कल गर्न पनि सक्नुहुन्छ। यो Ohio का सबै विद्यालयहरूमा उपलब्ध नि:शुल्क सुरक्षा स्रोत हो। यो टिप लाइन बेनामी रिपोर्टिङ प्रणाली हो जसले कल, पाठ सन्देश, वेबफार्म र मोबाइल एप मार्फत दिनको 24 घण्टा सुझावहरू स्वीकार गर्छ। Ohio School Safety Centerको वेबसाइटमा यस बारे थप जान्नुहोस्। https://ohioschoolsafetycenter.ohio.gov/pre-k-12-schools/safer-ohio-school-tip-line
- तपाईंले अध्याय 5 चयन गर्दा NCELA Family Toolkit को "विद्यालयमा तपाईंको बच्चाको स्वास्थ्य र सुरक्षा (The Health and Safety of Your Child at School)" खण्डबाट थप सिक्न सक्नुहुन्छ। यो चार भाषाहरूमा उपलब्ध छ (अङ्ग्रेजी, अरबी, चिनियाँ र स्पेनी)। https://ncela.ed.gov/educator-

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

support/toolkits/family-toolkit

- विद्यार्थीहरूलाई धम्कीबाट जोगाउने बारे Colorin Colorado वेबसाइटबाट थप जान्नुहोस्। https://www.colorincolorado.org/article/8-tips-protect-ells-bullying-your-classroom-and-school

## विशेष शिक्षा

- अभिभावकका लागि Ohio Department of Education and Workforce गाइडले विशेष शिक्षाको सम्बन्धमा परिवारको अधिकार बारे थप जानकारी उपलब्ध गराउँछ। https://education.ohio.gov/Topics/Special-Education/A-Guide-to-Parent-Rights-in-Special-Education
- Ohio Department of Education and Workforce वेबसाइटले Ohio मा विशेष शिक्षाको बारेमा परिवारहरूलाई थप जानकारी उपलब्ध गराउँछ। https://education.ohio.gov/Topics/Special-Education/Families-of-Students-with-Disabilities

*यी संसाधनहरू Ohio का बहुभाषिक शिक्षार्थीहरूको लागि शैक्षिक, विद्यार्थी कल्याण र कलेज र क्यारियर परिणामहरूलाई बलियो बनाउन लक्षित छन्। संसाधनहरू परिवारिक अधिवक्ता, समुदायका अगुवा, स्कुल डिस्ट्रिक्टका कर्मचारी र शिक्षकहरूको समर्पित समूहका साथ-साथै Ohio Department of Education and Workforce र The Ohio State University's Center on Education and Training for Employment बीचको सहयोगात्मक प्रयास मार्फत सिर्जना गरिएका थिए।*